जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष २९ अंक १४७ २०७६ साल पुस २३ गते बुधबार (8 Jan. 2020 Wednesday) मूल्य रु. ५/-

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु:**

- अनुसन्धान वा अभियोजन अधिकारीले निर्दोष व्यक्तिलाई फसाउने वा वास्तविक कसूरदारलाई जोगाने मनसायले बदनियतपूर्वक अनुसन्धान वा अभियोजन गर्नेलाई छ महिनासम्म कैद वा पाँच हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुने,
- झुठ्ठा प्रमाण बनाउनेलाई पाँचवर्षसम्म कैद र पचार हजार रुपैयाँसम्म जरिबाना हुने,
- कसूरदारलाई आश्रय दिनेलाई पाँच वर्षसम्म कैद र पचास हजार रुपैयाँसम्म जरिबाना हुने।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

**Log on : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : नैतिकताको खडेरी सँगै ... ३ पृष्ठमा : आठ कक्षासम्म रङ्गीन ... ३ पृष्ठमा : इराकबाट अमेरिकीना फिर्ता ...

# नागरिकता बनाइदिन भन्दा पतिद्वारा पत्नीमाथि खुकुरी प्रहार, अवस्था गम्भिर



**दैनिक समाचारदाता**
**राजविराज, २२ पुस ।**

नागरिकता बनाई दिन माग गर्दा मंगलबार दिउँसो आफ्नै पत्नीमाथी पतिले खुकुरी प्रहार गरि हत्याको प्रयास गरेका छन् ।

सप्तरी सदरमुकाम राजविराज नगरपालिका १२ दमाबती टोल निवासी २८ बर्षिया लक्ष्मी यादवमाथि पती महि नारायणले खुकुरी प्रहार गरी हत्या प्रयास गरेका हुन् । महिनारायण पुर्व प्रहरी हुन् ।

खुकुरी प्रहारबाट लक्ष्मीको टाउँको र घाटीमा गम्भीर चोट लागेको छ । उनको टाउँको र घाटीमा गरी ३६ वटा टाका लगाइएको अस्पताल प्रशासनले जनाएको छ । यस्तै लक्ष्मीको जिउँभर निलडाम समेत देखिएको छ ।

उनलाई स्थानिय गजेन्द्र नरायण सिंह अस्पतालको आकस्मिक कक्षमा प्रारम्भिक उपचार पछि थप उपचारका लागी धरानस्थित विपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान पठाइएको छ ।

लक्ष्मीको अवस्था गम्भीर बन्दै गएपछि परिवारजनको आग्रहमा थपउपचारका लागी रेफर गरिएको उनको उपचारका संलग्न डा. प्रमोद कुमार यादवले जानकारी दिएका छन् ।

दिउँसो लक्ष्मी तरकारी बारीतर्फ जाँदै गर्दा उनका पति महिनारायण मोटरसाईकलबाट आर्लेर नागरिकता बनाई दिनु भन्दै टेन्सन दिन्छस भन्दै एक्कासी अन्धाधुन्द खुकुरी प्रहार गरेको लक्ष्मीका हजुरबुवा शिव नारायणले बताए । खुकुरी प्रहारबाट खेतमै लक्ष्मी ढल्दा मरेको ठानेर पति महिनारायण खुकुरी नजिकैको नहरमा फ्याली फरार भएको उनले सुनाए ।

लक्ष्मीका पति महि नारायणले केही महिना अघि मात्र दोस्रो बिहे गरका थिए । बिहेको १० वर्ष भन्दा बढी भई सक्दा पनि लक्ष्मीलाई नागरिकता नबनाई अर्को विवाह गरेपछि संशकित बनेकी लक्ष्मीले पटक पटक नागरिकता बनाई दिन दवाव दिदै आएकी थिईन ।

यसबारे गाउँमा पटक पटक पंचायती बसी लक्ष्मीको नागरिकता बनाईदिने पति महि नारायणले प्रतिबद्धता गरेपनि आलटाल गर्दै आएको स्थानिय गाउँलेले बताएका छन् । सोही विषयमा लक्ष्मीले मंगलबार पनि गाउँमा कुरा उठाउने तयारी गरीरहँदा आक्रोशित बनेका महिनारायणले हत्या प्रयास गरेको स्थानियको भनाई छ ।

यता घटना पछि फरार रहेका महि नारायणको खोजी कार्य तिब्र बनाईएको प्रहरी नायब उपरिक्षक तिलक भारतीले जानकारी दिए ।

# एक महिनामा ४० अपराधी पक्राउ

**दैनिक समाचारदाता**
**राजविराज, २२ पुस ।**

सप्तरी प्रहरीले एकपछि अर्को सफलता हात पार्दै एक महिनाको अवधीमा ४० अपराधीलाई पक्राउ गर्न सफल भएको छ ।

विभिन्न मुद्दामा कैद तथा जरिवाना सजाय पाई फरार तथा अनुसन्धानका क्रममा फरार भएकाहरुलाई पकाउ गर्न अभियान नै चलाएका सप्तरी प्रहरीले सो सफलता हात पारेको हो ।

प्रहरीले विभिन्न मुद्दामा अदालतबाट कैद तथा जरिवाना सजाय तोकि फरार रहेको २३ तथा अनुसन्धानका क्रममा फरार रहेका १७ गरी ४० जना अभियुक्तलाई पकाउ गरेको छ ।

पछिल्लो समय फरार अपाराधी पकाउ गर्न प्रहरीले आक्रमक अभियान थाल्दै १ महिनाको अवधिमा जर्बजस्ती करणीका र कुटपिटका सर्वाधिक ६-६ ज्यान मार्ने उद्योगका ५, चोरीका ४, अपहरण र लुटपाटका ३-३, सवारी ज्यान र लुटपाटका ४-४ ठगी तथा लेनदेनका २ गरी ४० फरार अपराधीलाई पकाउ गर्न सफल भएको प्रहरी तथ्यांकले देखाएको छ ।

त्यस्तै पछिल्लो पटक सोमबार एकैदिन विभिन्न अपराधमा संलग्न भई फरार रहेको १७ जनालाई प्रहरीले पकाउ गरेको छ । यसरी पकाउ पर्नेमा कुटपिटका सर्वाधिक छ, लुटपाटका तिन ज्यान मुदा, जालसाजी मुदा र जारी मुदाका २-२ तथा लेनदेन र ठगी मुदाका १-१ जना छन् ।

अघिल्लो दिन पकाउ परेका १७ जना मध्ये २ महिला पनि छन् । यसरी पकाउ परेका सवै अपराधीलाई मंगलबार अदालत समक्ष उपस्थित गराईएको प्रहरी उपरिक्षक कृष्ण प्रसाईले बताए ।

**सूचना सूचना सूचना**

यस आईडियल सहकारी संस्था लि. राजबिराजले आफ्ना शेयर सदस्य, खाताधारीहरुलाई दुर्घटना विमा निशुल्क गर्ने गइरहेकोले यथासिघ्र नजिक को सेवा केन्द्र वा मुख्य कार्यालय राजबिराजमा सर्म्पक गर्न अनुरोध गरिन्छ ।

**आईडियल सहकारी संस्था लि.**
**मुख्य कार्यालय राजबिराज-०४**
फोन नं.०३१-५२१३९९

**सेवा केन्द्र हनुमाननगर**
फोन नं.०३१-५८०२७५

**सेवा केन्द्र पातो बाजार**
मो.नं.९८०१५६१९३०

# मल्हनियामा बर्थिङ सेन्टरसहितको स्वास्थ्य चौकीको उद्घाटन




**दैनिक समाचारदाता**
**राजविराज, २२ पुस ।**

सप्तरीको बलान बिहुल गाउँपालिका वडा नं. १ मल्हनियामा मंगलबार एक कार्यक्रमबीच नवनिर्मित स्वास्थ्य चौकीको उद्घाटन गरिएको छ ।

निर्माण भएको स्वास्थ्य चौकीको जग्गादाता गुलाबीदेवी यादव, उनका छोरा डा. चन्द्र नारायण यादव, गाउँपालिका अध्यक्ष अध्यक्ष दयानन्द गोइत, उपाध्यक्ष रुबी गुप्ताले संयुक्त रुपमा रिबन काटी उद्घाटन गरेका हुन् ।

मल्हनिया निवासी गुलाब देवी यादवले स्वास्थ्य चौकी निर्माणका लागि ७ कठ्ठा जग्गा निशुल्क प्रदान गरेपछि सहरी विकास मन्त्रालयको अनुदान २ करोड ६० लाख ३० हजार रकमबाट उक्त स्वास्थ्य चौकी निर्माण भएको गाउँपालिका अध्यक्ष गोइतले जानकारी दिएका

*बाँकी अन्तिम पृष्ठमा*




**देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनुका साथै स्वदेश भित्र जुनसुकै ठाउँमा रकम पठाउनका लागि सम्झनुहोस् ।**

हाम्रो सेवाहरु →

**जनज्योति कृषि सहकारी संस्था लि.**
राजविराज ९, मलेठ, सप्तरी
मोबाइल नं. ९८०१५४९६०१, ६०२, ६०३, ६०४

ipay remit
WESTERN UNION MONEY TRANSFER
Best Remit Quick & Easy
Prabhu Money Transfer
City Express Money Transfer
IME International Money Express
IME pay wallet
himal remit हिमालरेमिट
CG Money
MoneyGram money transfer

# बजेट अभावमा युवा परिचालन वर्ष सञ्चालनमा समस्या

काठमाडौं, २२ पुस (रासस) ।

सरकारले १० लाख युवालाई परिचालन गर्ने लक्ष्यसहित ल्याएको 'युवा परिचालन वर्ष' का लागि छुट्टै बजेट नभएपछि सञ्चालनमा समस्या भएको छ ।

युवा तथा खेलकूद मन्त्रालयले दक्षिण एशियाली खेलकूद प्रतियोगिता (साग) र युवा परिचालन वर्षका लागि छुट्टै बजेट अभावका कारणले सो कार्यक्रम अझै सञ्चालन हुन नसकेको हो । मन्त्रालयका युवा परिचालन तथा परामर्श शाखा प्रमुख एवम् उपसचिव कृष्णप्रसाद बस्याल युवा परिचालन वर्षका लागि छुट्टै बजेट विनियोजन नभएकोले के कसरी युवालाई परिचालन गर्ने भन्नेमा समस्या आएको बताउनुभयो ।

छुट्टै बजेट नभएपछि मन्त्रालयको पहिले सञ्चालन भएको युवासम्बन्धी कार्यक्रममा नै समावेश गरेर परिचालन वर्ष सञ्चालन गर्ने योजना रहेको छ । "परिचालन वर्ष भनेर छुट्टै नै बजेट आएको छैन, त्यसैले हामीले कुन क्षेत्रमा कसरी युवालाई परिचालन गर्ने भन्ने समस्या भयो", उहाँले भन्नुभयो, "अब भने पहिले गरिने युवासम्बन्धी कार्यक्रममा नै परिचालन वर्षका कार्यक्रमलाई समेटेर सञ्चालन गर्ने तयारीमा रहेका छौँ ।"

बजेट नआए पनि मन्त्रालयले परिचालन वर्षमा १६ देखि २४ वर्ष उमेर समूहका १० लाख युवालाई कृषि उत्पादनमा युवा, पर्यटन प्रवर्द्धनमा युवा, सार्वजनिक शिक्षा सबलीकरणमा युवा, वातावरण संरक्षणमा युवा, अन्धविश्वास लैङ्गिक हिंसा जातीय विभेद तथा छुवाछुतविरुद्ध युवा, उद्यमशीलतामा युवा र सुशासनमा युवा कार्यक्रम गरेर परिचालन गर्ने योजना बनाएको छ ।

उपसचिव बस्यालका अनुसार साउनदेखि नै युवा परिचालनका कार्यक्रम सञ्चालन भइरहेका भए पनि युवाका क्षेत्रमा विशिष्टकृत कार्यक्रम सञ्चालनमा भने बजेट अभावले समस्या भएको हो । अहिले युवासम्बन्धी कार्यक्रममा नै परिचालन वर्षलाई समेट्ने निर्णय गरेसँगै विशिष्टकृत कार्यक्रमको पहिचान गरिएको छ ।

मन्त्रालयका सचिव रामप्रसाद थपलियाको संयोजकत्वमा गठित युवा परिचालन कार्यक्रम मस्यौदा समितिले युवासँग काम गर्ने मन्त्रालय, सङ्घ संस्थाका प्रतिनिधिसँग छलफल गरेर परिचालन वर्षमा के-कस्ता विशिष्टकृत कार्यक्रम सञ्चालन गर्ने भनेर प्रतिवेदनसमेत तयार पारेको छ । उक्त प्रतिवेदनका आधार युवालाई परिचालन गरिने तयारी रहेको उपसचिव बस्यालले जानकारी दिनुभयो ।

सरकारले राष्ट्रिय युवा नीति-२०७२ र युथ भिजन-२०२५ सहित १० वर्षे रणनीतिक योजनामा समेटिएका युवाका कुरालाई लक्षित गरेर परिचालन वर्ष सञ्चालन गर्ने योजनामा रहेको छ । नीतिमा सार्थक सहभागिता, क्षमता र नेतृत्व विकासका माध्यमबाट युवालाई राष्ट्रिय विकासको मूलधारमा समाहित गर्दै समृद्ध, आधुनिक र न्यायपूर्ण नेपाल निर्माण गर्ने युवाको भूमिका तथा उनीहरूमा रहेको अन्तर्निहित क्षमतालाई गुणात्मक बनाउनुरहेको छ ।

यस्तै युथ भिजनले युवाको शिक्षा, रोजगारी, स्वास्थ्य र सामाजिक सुरक्षा, सहभागिता र नेतृत्व विकास तथा खेलकूद र मनोरञ्जन क्षेत्रमा विकास गर्ने लक्ष्य लिइएको छ । यसैगरी विपद् व्यवस्थापन तथा स्वयंसेवकीय कार्यमा युवा परिचालन, परम्परागत सीपको विकास तथा संरक्षणमा युवा र स्वस्थ्य तथा खेल सचेतनामा युवालाई परिचालन गर्नेछ ।

राष्ट्रिय युवा परिषद्का कार्यकारी उपाध्यक्ष माधव ढुङ्गेलले युवालाई कुन-कुन क्षेत्रमा परिचालन गर्ने भन्नेमा मन्त्रालयले योजना बनाएकाले चाँडै नै कार्यक्रम शुरु गरिने बताउनुभयो । उहाँले कार्यविधि र कार्यक्रम बनाउन समय लागेकाले युवालाई परिचालन गर्न ढिला भएको जानकारी दिनुभयो । "यस वर्ष हामीले परिचालन वर्षको विषयवस्तु मात्र तय गर्ने छौँ", उहाँले भन्नुभयो, "अर्को वर्षदेखि सधैँभरि युवालाई सामाजिक काममा लगाउनका लागि दीर्घकालीन योजना बनाएका छौँ ।"

उहाँले यही पुस मसान्तसम्म युवालाई परिचालन गर्ने क्षेत्र पहिचान गरेर माघमा केन्द्रमा तथा फागुनमा प्रदेश र सबै स्थानीय तहमा परिचालन वर्षको सन्देश दिंदै कार्यक्रम सञ्चालन गरिने जानकारी दिनुभयो । सरकारले आर्थिक वर्ष २०७६/७७ को बजेटमार्फत युवा परिचालन वर्ष घोषणा गरेको थियो ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
कन्सलटेन्ट एनास्थेसियोलोजिष्ट
आइसियु स्पेस्लिष्ट र पेन फिजिसिएन
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# नैतिकताको खडेरी सँगै मानवता माथि प्रहार

**"सामाजिक विकृतिहरुको उन्मुलनको लागि राज्यले गरिरहेको खर्चको सहि सदुपयोग नभएको कारणले सामाजमा ठूलो क्यान्सरको रुपमा वर्षौ देखि स्थापित भएका छुवाछुत प्रथा जातीय विभेदीकरणको अन्त्य अहिले नभएको देखिन्छ । अन्त्यमा मात्र नभई न्यूनीकरणमा पनि तदरुपता कुनै पक्षले नदेखाएको अहिलेको अवस्था विभिन्न तथ्यांहरुबाट देखिन्छ ।"**



**अमरनाथ मण्डल**

मानव सभियतामा नैतिकताको महत्वपूर्ण स्थान र सन्दर्भ रहन्छ । हरेक क्षेत्र, हरेक समुदाय तथा हरेक स्तरमा नैतिकताको सबाल अहिले बढि उठिरहेको प्रश्नहरुमा नेपालको अर्थतन्त्र, प्रशासनतन्त्र, राजनैतिकतन्त्र लगायत हरेक तन्त्रमा भ्रष्टाचार, कुशासन, पक्षपात, विभेदीकरणको सिकार, नेपाली जनता र नेपालका आदीबासी, जनजाति, मधेशी, दलित, पिछिडिएका वर्ग लगायत महिला, युवाहरुले भोगिरहेका छन् । सन्दर्भको क्रममा राष्ट्को लोकसेवा आयोगको निजामति कर्मचारी होस्, शिक्षाको क्षेत्र होस, स्वास्थ्यको क्षेत्र होस, विकासको क्षेत्र होस लगायत क्षेत्रहरुमा व्यापक भ्रष्टाचार अनियमितता र पक्षपातको केन्द्रविन्दु बन्दै गईरहेको नेपालमा नियन्त्रण र अनुमगन तथा रोकथाम गर्ने निकायहरुको सरकारपक्षबाट ठोस र सबल नियन्त्रण सरकारी निकायहरुको अभावका कारण यी कुशासनहरुको दिन प्रतिदिन उन्नती हुनु समाज, राष्ट्रिय, देशको हितमा नभई रहेको ठहरको साथ यसले व्यापक अर्थतन्त्र लगायत अन्य तन्त्रहरुमा प्रत्यक्ष असर पारिरहेको सन्दर्भमा महँगी भ्रष्टाचार, बेरोजगार, विदेशी ऋणको भार नेपाली अर्थतन्त्रको तहनहस भईरहेको हामी सामु सर्वविदितै नै रहेको छ ।

सामाजिक कुरितिमा बाभिएका नैतिकता हामीले हेर्दा खेरी अहिले हाम्रो समाजमा नैतिकताको परिपाटी माथि ठूलो प्रहार भईरहेको देखिएको अवस्था रहेको छ । समाजमा बोक्सी प्रथा, दाइजोको प्रथा, बहुविवाहको प्रथा, लगायत सामाजिक विकृतिहरुको कारणले गर्दा समाज भित्र रहेका मानव संकारलाई दिन प्रतिदिन अघात पुऱ्याई रहेको छ । जनचेतना तथा जनभावनालाई सार्वजनिककरणको अवभावका कारण जिम्मेवारी बोकिएका सरकारी तथा गैरसरकारी संघ संस्थाहरुको सक्रियतापनमा ठूलो खाँचोको अभावले गर्दा यी प्रथाहरु दिन प्रतिदिन समाजमा ठूलो क्यान्सरको रुपमा विकराल बन्दै गईरहेको छ । जसको कारण दाइभाईको लडाई, आमा, छोरा, श्रीमान, श्रीमतीको बीचमा विभेदीकरण जसको प्रत्यक्ष प्रमाण अहिले सप्तरीका मात्र होइन । नेपालका बढीजसो जिल्ला अदालत, पुनरावेदन अदालत, जिल्ला प्रहरी कार्यालय, जिल्ला प्रशासन कार्यालयहरुमा मुद्दा र उजुरीको ठूलो फाइलहरु देखा परिरहेका छन् । प्रगतिको पथ र आधुनिकरण विकासको निर्माणमा सामाजिक विकासको महत्वपूर्ण स्थान रहेको स्थानमा सामाजिक पक्षहरु कुरुतिहरुसँग दिनप्रतिदिन बाँभिरहेको कारण सामाजिक विकास फड्को मारिरहेको छैन । जसको कारण हामी जुन अवस्थामा थियो । अहिले पनि त्यही अवस्थामा रहेको देखिन्छ ।

गैर सरकारी संस्था एनजिओ, आईएनजिओ लगायत स्थानीय जनप्रतिनिधिहरुको सक्रियता पहलमा ठूलो खाँचो देखिएको कारण ग्रामिण क्षेत्रमा साना जालभेल लगायत विवादहरु सदरमुकामको जिल्ला प्रहरी कार्यालय, जिल्ला प्रशासन कार्यालय तथा अदालतसम्म पुग्ने गरेको छ । विवादलाई निराकरण गर्नुको साटो केही समयको आफ्नो फाइदाको लागि मान्छे मान्छेको बिचमा उकुसमुकुस गरी एक अर्का बिच लड्ने लडाउने मनस्थितिको सृजना गर्ने गैर राजनीतिकपन समाजमा हावी भईरहेका छन् । बोक्सी प्रथाजस्तो गैर अमानवीय कपिकलपित प्रथालाई उजागर गरी मानव संस्कार माथि प्रहार गरी मानवलाई उत्पीडन गर्ने माध्यम बनाईरहेको अवस्थामा स्थानीय जनप्रतिनिधि तथा सरकारी गैर सरकारी संघ संस्थाहरुले सक्रियताको खाँचाको कारण तथा प्रशासनिक पक्षबाट पीडित पक्षले पाउनु पर्ने न्यायको खाँचोको कारण अपराधीहरु उम्कन सफल भईरहेको देखिन्छ । हाम्रो समाजमा लैंगिक समानताको भाषण गर्ने नेता र पार्टीहरु तथा उन्मुलन नियन्त्रण गर्ने ठिक्का लिएका गैर सरकारी एनजिओ र आईएनजिओहरुले नियन्त्रणको नाममा आएका लाखौं लाख बजेटलाई दुरुपयोग गरी साधारण गोष्ठी र समिनार गरी पचाउने गरेको देखिएको अवस्थामा राज्य पक्षले अनुगमन र निरिक्षणरस गर्ने तदरुकता नदेखाएको सन्दर्भमा अहिले विकृतिहरु अगाडी बढिरहेका छन् । त्यस्तै छोरा र छोरीको समान अधिकार राज्यले पनि छुट्याई दिएको अवस्थामा छोरा छोरीको विभेद सामाजिक विकृति भएकोले यो विकृतिको अन्त्य हुनुपर्ने तथा छोरालाई शिक्षाको हक मात्र नभई छोरीलाई पनि शिक्षाको हक पाउनुपर्ने आवाजहरु सर्वत्र उठिरहेको बेला प्रदेश २ बाट छोरीलाई पढाउ र छोरी बचाउँ अभियानको सन्दर्भमा पनि बजेट मात्र खर्च हुने गरेको देखिन्छ ।

राज्यको हिंसेदारीमा जातीय विभेदीकरणको अन्त्य हुनुपर्ने र नेपालको कुनै पनि जातजातीय भाषाभाषी लिंगहरुको समान हक अधिकार रहेको अवस्थामा गैर राजनैतिक अवधारणाहरुका कारण अहिले पनि मधेशी, आदीबासी, मुस्लिम, दलित, महिलाहरुले विभेदीकरणको सिकार बन्नु परिरहेको देखिएको छ । विभेदीकरणको अन्त्यको नाउँमा राजनैतिक दलहरुले आफ्नो घोषणा पत्रहरुमा ठूला ठूला भाषण गरेपनि राज्यमा विभेदीकरणको अन्त्यमा सक्रिय पहल नभएको ठहर गरिएको अवस्था रहेको छ । देशको सबभन्दा विकराल अवस्थाको सृजना बेरोजगार रहेकोले रोजगारको आधार राज्य पक्षले सक्रियता रुपमा नलिएको कारण दिनहुँ युवाहरु विदेश पलायन भईरहेको छ भने बेरोजगार भएको युवाहरु कुसंगतमा परी कतिपय लागु औषधी सेवन गरी युवाहरु आफ्नो क्षमताको विकासमा ह्रासको मनस्थिति सृजना गरिरहेका छन् । जसको परिणाम लागु औषधीको सन्दर्भमा जिल्ला प्रहरी कार्यालय, जिल्ला अदालत, पुनरावेदन अदालतहरुमा धेरै जसो युवाहरु मुद्दा खेपिरहेका छन् भने धेरै जसो दण्डको भागीदार भई सजायी भोगिरहेका छन् ।

मानव समाजमा यी सवालहरु माथि पहल गर्नु तथा सक्रियताको साथ जनचेतना जगाउने लगायत रोकथाम गर्ने सरकारी निकायहरु गैर सरकारी निकायहरुमा व्यापक खाँचो देखिएको अवस्थामा राज्यले यी कुरुतीहरु माथि आवश्यक सक्रियता साथमा सामाजिक विकृतिलाई अन्त्य गर्नुपर्ने अवस्था रहेको छ । समाजका हरेक पक्षले चाहे त्यो राजनीतिक र स्थानीय जनप्रतिनिधि हो चाहे नागरिक समाज होस, सरकारी तथा गैर सरकारी संस्था होस सबैले आफूले बोकेका जिम्मेवारीलाई निष्पक्ष रुपमा निर्वाह गरे भने सामाजिक विकृति र समाजमा परेका असरहरुको अन्त्य नभएपनि न्यूनीकरण हुने विश्वास गरिन्छ । तर जहाँ सबै पक्षमा नैतिकताको खडेरी नै आउँछ । त्यहाँ मानवताको संस्कार माथि ठूलो प्रहार हुन्छ । हाम्रो विकास सामाजिक विकास उत्थान भए भने मात्र सम्भव रहेको अवस्थामा ग्रामिण स्तरबाट नै जनचेतना लगायत अन्य कार्यक्रमहरु गरी दण्डित हुने दण्ड दिने तथा न्याय पाउनेलाई न्याय दिने हरेक पक्षले आफ्नो कर्तव्यबाट विमुख भई सक्रियताको साथमा लाग्यो भने समाजको विकास र विकृतिहरुको अन्त्यमा बेर लाग्ने छैन ।

# पत्रकारमाथी गरिएको कुटपिट र दुर्व्यवहारप्रति महासंघद्वारा कारवाही माँग

**दैनिक समाचारदाता**
**राजविराज, २२ पुस ।**

समाचार संकलनका क्रममा जनकपुर उप-महानगरपालिकाका मेयर लाल किशोर साहले आफ्ना सहयोगी तथा नगर प्रहरी प्रयोग गरी पत्रकारमाथि गरेको कुटपिट तथा दुर्व्यवहारको घटनाप्रति नेपाल पत्रकार महासंघको गम्भीर ध्यानाकर्षण भएको छ ।

महासंघका महासचिव रमेश विष्टद्वारा मंगलबार जारि विज्ञप्तिमा विश्व सम्पदा सूचिमा सूचिकरणका लागि सिफारिस गरिएको जानकी मन्दिरको जग्गा अतिक्रमण भएको विषयमा मंगलबार मेयर साहसंग प्रतिकृया लिन पुगेका नेपाल पत्रकार महासंघ धनुषाका अध्यक्ष अनिल मिश्र, उज्यालो अनलाइन डटकमका पत्रकार सुवास कर्ण, देश सञ्चार डटकमका पत्रकार राजा भाालाई आफ्नो सहयोगी तथा नगरप्रहरी प्रयोग गरी कुटपिट गर्नुका साथै, कान्तिपुर टिभीका पत्रकार अमरकान्त ठाकुरलाई अपशब्द बोल्दै दुर्व्यवहार गरेका उल्लेख छ ।

सूचना संकलनका लागि मेयरको कार्यकक्षमा पुगेका पत्रकारहरुमाथि भएको कुटपिट तथा दुर्व्यवहारको घटना प्रेस स्वतन्त्रताको ठाडो उल्लङ्न हो भन्दै विज्ञप्तिमा महासंघ यस घटनाको भर्त्सना गर्दै, सत्यतथ्य छानविन गरी दोषीमाथि हदैसम्मको कारवाही गर्नुका साथै पत्रकारको पेशागत सुरक्षाको प्रत्याभूती गर्न सरकारसंग जोडदार माग गरिएको छ ।

# लागु औषधसहित दुई पक्राउ

**दैनिक समाचारदाता**
**राजविराज, २२ पुस ।**

सप्तरीको छिन्नमस्ता गाउँपालिका ३ गोबिन्दपुरबाट सशस्त्र प्रहरीले दुई जनालाई लागु औषधसहित पक्राउ गरेको छ ।

भारतबाट नेपाल तर्फ आउदै गरेको स ५ प ७९२९ नं. को मोटरसाईकलमा सवार गोविन्दपुर २ बस्ने मोटरसाईकल चालक २५ वर्षिय धर्मेन्द्र कुमार साह र पछाडि सवार १६ वर्षिय दुर्गा कुमार राउतलाई सशस्त्र प्रहरीले पक्राउ गरेको हो ।

पक्राउ परेकाहरुका साथबाट लागु औषध डाइलेक्स २ बोतल, नाइट्राजेशन ट्याबलेट ३ थान र नाइट्राभेट ट्याबलेट ६ थान बरामद गरिएको जिल्ला प्रहरी कार्यालय सप्तरी जनाएको छ ।

# आठ कक्षासम्म रङ्गीन पाठ्यपुस्तक, चैतसम्म वितरण भइसक्ने

काठमाडौँ, २२ पुस (रासस) ।

कुनै समय यस्तो थियो-शैक्षिक सत्र शुरु भएको छ महिना बितिसक्दा पनि पाठ्यपुस्तक नपाएर विद्यार्थीले हाहाकार मच्याउँथे तर पछिल्ला वर्षमा त्यस्तो समस्या कम हुँदै गएको छ । कहिले राजनीतिक आन्दोलन वा नाकाबन्दीको असर त कहिले जिम्मेवार निकायबीचको समन्वय अभावले समयमा पाठ्यपुस्तक उपलब्ध हुँदैनथ्यो ।

त्यसमा पनि जनक शिक्षा सामग्री केन्द्र लिमिटेड र साझा प्रकाशनजस्ता सम्बन्धित संस्थामा अनियमितता र कर्मचारीको आन्दोलनले काममा नकारात्मक असर पारेको हुन्थ्यो । राजनीतिक स्थिरता र जनक शिक्षा सामग्री केन्द्र लिमिटेडको व्यवस्थापन सुधारसँगै आगामी शैक्षिक सत्रका लागि आउँदो चैत मसान्तभित्र पाठ्यपुस्तक छपाइ गरी बिक्री वितरण भइसक्ने भएको छ ।

पाठ्यपुस्तक छपाइको प्रगति अवस्था बुझ्न शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री गिरिराजमणि पोखरेल नेतृत्वको मन्त्रालयको टोलीलाई केन्द्रले यस वर्ष समयमै पाठ्यपुस्तक उपलब्ध हुने विश्वास दिलाएको हो । सोही लक्ष्यका साथ आवश्यक मेशिन र कागजको प्रबन्ध गरी काम भइरहेको केन्द्रको व्यवस्थापन पक्षले अवगत गराएको छ ।

केन्द्रले आगामी शैक्षिक सत्रका लागि कक्षा २ देखि ४ सम्मका एक करोड ७५ लाख पाँच हजार ८०० थान पाठ्यपुस्तक छपाइको लक्ष्य लिएकामा हालसम्म शतप्रतिशत छपाइ गरेको छ । कक्षा ५ देखि १० सम्मका दुई करोड ७२ लाख तीन हजार ४१४ थान पाठ्यपुस्तक छपाइको लक्ष्य लिइएकामा हालसम्म ९७ लाख थान उत्पादन भई ४६ दशमलव प्रगति भएको छ ।

सरकारले माध्यमिक तहसम्मको पाठ्यपुस्तक निःशुल्क उपलब्ध गराउने दायित्वअन्तर्गत त्यसको रकम सम्बन्धित स्थानीय तहमा निकासा गर्छ भने पाठ्यपुस्तक उत्पादन र वितरणका लागि जनक शिक्षा सामग्री केन्द्र तथा निजी क्षेत्रका मुद्रणलाई जिम्मेवारी दिइएको छ । सरकारले आधारभूत तहको पाठ्यपुस्तकको गुणस्तर वृद्धि गरी रङ्गीन पाठ्यपुस्तक छपाइ गर्न दिएको निर्देशनबमोजिम 'उड फ्रि' कागजमा रङ्गीन पाठ्यपुस्तक छपाइ भइरहेको छ ।

केन्द्रले हाल दुई सत्रमा मेशिन सञ्चालन गरी कक्षा ६, ७ र ८ को पाठ्यपुस्तक दैनिक एक लाख थानभन्दा बढी सङ्ख्यामा छपाइ गरिरहेको केन्द्रका प्रबन्ध सञ्चालक महेशप्रसाद तिमल्सिनाले जानकारी दिनुभयो । उहाँले ती कक्षाका पाठ्यपुस्तकको 'सिआरपी' पाठ्यक्रम विकास केन्द्रबाट प्राप्त भएकाले आउँदो चैत २० गतेभित्र छपाइ सकाएर चैत मसान्तभित्र बिक्री वितरणका लागि पठाइसक्ने गरी कार्य गरिरहेको बताउनुभयो ।

कूल रु ५० करोड अधिकृत पूँजी रहेको सो केन्द्रमा विगतमा रु दुई खर्ब संचित नोक्सानी रहेकामा गत वर्ष निर्वाचन आयोगका काम गरेपछि त्यसबापत रु साढे एघार करोड नाफा भई केही राहत मिलेको प्रबन्ध सञ्चालक तिमिल्सनाले जनाउनुभयो । गत वर्ष केन्द्रलाई चालू पूँजीका लागि अर्थ मन्त्रालयले रु ५० करोड सहुलियत ऋण दिएकामा रु १० करोड फिर्ता गरिसकेको छ । केन्द्रले सरकार र बैंकहरूलाई तिनुपर्ने अझै रु एक अर्ब ३४ करोड ऋण छ भने यसको वार्षिक ब्याज रु १४ करोड हुन्छ ।

केन्द्रले बाँकेको खजुरामा प्रेस स्थापना गरी सञ्चालनमा ल्याएको छ भने पाठ्यपुस्तकका अतिरिक्त उत्तरपुस्तिका, अभ्यास पुस्तिका, प्रश्नपत्र, इ-विल्डिग, सवारी दर्ता प्रमाणपत्रलगायत विभिन्न संवदेनशील सामग्री छपाइ गरी आफूलाई आत्मनिर्भर बनाउन थालेको छ । "हामीसँग चौबिसैं घण्टा चल्न सक्ने मेशिन छ, पाठ्यपुस्तकबाहेकका कामसमेत ल्याइ त्यसलाई पूर्ण क्षमतामा सञ्चालन गरेमा संस्था आत्मनिर्भर बन्नेछ", तिमल्सिनाले भन्नुभयो ।

प्रवक्ता चित्र आचार्यका अनुसार पाठ्यपुस्तक भण्डारण गर्न थप नौ गोदाम बनाइएको र रु १५ करोडको अत्याधूनिक चार रङ्गको ३२ पेज छपाइ गर्ने दुई वेभ मेशिन र एक चार रङ्गको छपाइ गर्ने जापानी मेशिन खरिद गरेको छ । उक्त मेशिनले द्रुत गतिमा छपाइ गरिरहेको जनाइएको छ । कक्षा १ देखि ५ सम्मका पाठ्यपुस्तक यसअघि नै रङ्गीन छापिन थालेका थिए ।

आगामी शैक्षिक सत्र २०७७ का लागि आवश्यक पर्ने पाठयपुस्तकमध्ये कक्षा २ देखि ५ सम्म र कक्षा ९ र १० का पाठ्यपुस्तक छपाइ गरी बिक्री वितरणका लागि केन्द्रका नौ कार्यालयका गोदाममा भण्डारण गरिएको छ । नेपाल सरकारको राष्ट्रिय नीतिअनुरुप विगत ६५ वर्षदेखि केन्द्रले विद्यालय तहका पाठ्यपुस्तकको उत्पादन तथा बिक्री वितरण गर्दै आएको छ ।


## पसल, फर्म तथा सेवा प्रदायक सुचिकृतका लागि प्रकाशित गरिएको ७ (सात) दिने सुचना

**प्रथम पटक प्रकाशित मिति : २०७६।०९।२३ गते ।**

सबल नेपाल युवाहरुद्धारा संचालित एक राष्ट्रिय स्तरको मुनाफा रहित गैर सरकारी संस्था हो । स्थापना काल देखि नै यस संस्थाद्धारा सामाजमा सकारात्मक परिवर्तनका लागि कार्य गर्दै आई रहेको सहर्ष जानकारी गराईन्छ । सोही सम्बन्धमा सबल नेपालले आफनो कार्य क्षेत्रमा तपसिलमा उल्लेखित बमोजिमका सरसमान तथा सेवाहरु लिनुपर्ने भएकोले सेवा दिन ईच्छुक सेवा प्रदायकहरुलाई सुचिकृतका लागि यो सुचना प्रकाशित गरिएको छ ।

**आवश्यक सरसमान तथा सेवाहरु :**

| | | | |
|---|---|---|---|
| १ | स्टेसनरी, मसलन्द तथा अन्य सेवाहरु | १० | इन्धन आपुर्ति |
| २ | फर्निचर तथा फर्निसिंग सम्बन्धी सामाग्रीहरु | ११ | होटल, लज तथा तालिम हाँल |
| ३ | कम्पयुटर, सर्भर, प्रिटर तथा अन्य आइ . टि/सुचना प्रविधि सामाग्रीहरु | १२ | कुरीयर सेवा |
| ४ | विद्युतीय सेवा तथा विद्युतीय सामग्रीहरु | १३ | विज्ञापन,श्रव्य दृश्य सामग्री उत्पादन तथा प्रसारण |
| ५ | छपाइ, फोटोकपी तथा फ्लेक्स प्रिन्ट, भिजिबिलीटी समाग्री प्रिन्ट - टि सर्ट, टोपी (क्याप), झोला, (ब्याग) | १४ | कम्पयूटर, जेनरेटर, ए.सी. तथा विद्युतीय सेवा तथा विद्युतीय सामग्रीहरु मर्मत तथा संभारा सेवा |
| ६ | सवारी साधन तथा भाडा सम्बन्धी सेवा - मारुती, बोलेरो, ट्रयाक्टर, जिप, बस, कार...) | १५ | कन्सलटेन्सी, प्रतिवेदक, प्रस्ताव लेखन तथा परामर्श सेवा |
| ७ | औषधी तथा स्वास्थ्य सम्बन्धी समाग्री । | १६ | टेन्ट सामाग्रीहरु भाडामा आपुर्ति । |
| ८ | किराना तथा जनरल सामाग्रीहरु | १७ | भवन निर्माण तथा इंजिनीयरिङ्ग (हार्डवयेर समाग्री आपूर्ति) |
| ९ | सवारी साधन बिक्री, अतिरिक्त पार्टपुर्जा, मर्मत सम्भार आदि | १८ | कृषीजन्य उत्पादन समाग्री आपूर्ति । |

सुचिकृतका लागि यस संस्थाद्धारा उपलब्ध गराईने वा संस्थाको वेभसाईटबाट **download** गरि सप्लार्यस दर्ता फारमका साथ आवश्यक कागजात सहित यस कार्यालयमा सुचना प्रकाशित मितिले ७ (सात) दिन भित्र कार्यालयको समय अवधिसम्म पठाउनु हुन जानकारी गराईन्छ ।

सबल नेपाल
सप्तरी, राजबिराज १
फोन नं. ०३१-५२३४४१
इमेल : procurementsabal@gmail.com
sabalnepal2062@gmail.com
वेभ साईट : www.sabalnepal.org.np


## विश्व समाचार

### इराकबाट अमेरिकी सेना फिर्ता नहुँने अमेरिकी रक्षामन्त्रीको भनाइ

वासिङ्टन, २२ पुस (रासस/एएफपी) ।

इराकबाट अमेरिकी सेना फिर्ता हुँदैछन् भन्ने कुरालाई अमेरिकी रक्षामन्त्रीले अस्वीकार गर्नुभएको छ । एक अमेरिकी सैन्य जनरल इराकबाट सेना फिर्ता हुनुपर्ने सुझाव दिँदै लेखेको पत्रपश्चात् पेन्टागनका प्रमुख मार्क एस्परले अहिले फौज फिर्ता गर्ने बेला नभएको स्पष्ट पार्नु भएको छ । अमेरिकी सैन्य जनरलले लेखेको पत्रमा अमेरिकाले आगामी दिनमा फौजलाई स्थानान्तरण गर्ने उल्लेख गरिएको बताइएको छ ।

इराकी संसद्ले इराकबाट अमेरिकी फौज फिर्ता हुनुपर्ने भनी सङ्कल्प प्रस्ताव पारित गरेपछि उक्त पत्र लेखिएको थियो । अमेरिकी रक्षामन्त्रीले उक्त पत्र अहिले अमेरिकाले राखिरहेको अडानसँग नमिल्ने बताउनुभएको छ । इराकमा इरानी सैन्य जनरल कासिम सुलेमानीको हत्यापश्चात् अमेरिकी सेनामाथि बढेको खतराबीच यस्तो अन्यौल सिर्जना भएको छ । इराकी प्रधानमन्त्रीले आफू पनि अमेरिकी सेना फिर्ता हुनुपर्ने पक्षमा रहेको बताउनु भएको थियो । अमेरिकी राष्ट्रपति ट्रम्पले इराकबाट आफ्नो सेना फिर्ता गर्नुपरेमा इराकमाथि कडा प्रतिबन्ध लगाउने बताउनु भएको छ ।

गत शुक्रबार अमेरिकी सेनाको विशेष प्रकृतिको कारबाहीका क्रममा इरानी फौजको विशेष दस्ता क्विडका प्रमुख कमाण्डर कासिम सुलेमानी मारिएका थिए । मारिएका ती सुलेमानीलाई अमेरिकाले विगतदेखि नै 'आतङ्ककारी' समूहको नाइके भएको बताउँदै आएको थियो । यो आक्रमण अमेरिकाको तयारीमा नै भएको बताइएको छ । जुन कुरा अमेरिकी रक्षा मन्त्रालय पेन्टागनले नै पुष्टि गरेको छ । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले नै उनको हत्याको निर्देशन दिएका बताइएको छ । आक्रमणका लागि उहाँको निर्देशन रहेको अमेरिकाले नै बताएको छ । यता इरानका सर्वोच्च नेताले अमेरिकी आक्रमणमा आफ्नो सेनाको जनरल मारिएपछि यसको कडा बदला लिने चेतावनी दिनुभएको छ ।

इरानी सर्वोच्च नेता आयोतुल्लाह अलि खामेनीले यस्तो प्रतिक्रिया दिनुभएको हो । शुक्रवार इराकको बग्दादमा इरानी फौजको विशेष दस्ता क्विडका प्रमुख जनरल कासिम सुलेमानी मारिएपछि उहाँले अमेरिकाविरुद्धमा कडारूपमा बदला लिने बताउनुभएको हो । इरानले देशभरी नै तीन दिनसम्मका लागि राष्ट्रिय शोकको पनि घोषणा गरेको थियो । त्यस्तै इरानी रक्षामन्त्री जावेद जारिफले शुक्रबार अमेरिकी सेनाले गराएको यो घटनालाई अन्तरराष्ट्रिय आतङ्कवाद भनी आरोप लगाउनुभएको छ । शुक्रबार भएको यस सैन्य कारबाहीपछि उत्तेजकरूपमा व्यवहार नगर्न र संयमता अपनाउन विभिन्न देशले आग्रह गरिरहेका छन् । यस कारबाहीको चीन, रुस र सिरियाले यस हवाई आक्रमणको आलोचना गरेका छन् तर युरोपेली सङ्घले भने थप हिंसा भड्किन नदिन सबै पक्षलाई संवेदनशील भएर संयमता अपनाउन आग्रह गरेको छ ।

### पश्चिम अफगानिस्तानमा ६९ तालिबानी लडाकूले आत्मसमर्पण गरे

फिरोजकोआह, अफगानिस्तान, २२ पुस (रासस/सिन्हवा) ।

अफगानिस्तानको पश्चिमी प्रान्त घोरमा अफगान सैनिकसमक्ष ६९ जना तालिबानी लडाकूले आत्मसमर्पण गरेका प्रान्तीय सरकारले मङ्गलबार जानकारी दिएको छ । अफगानिस्तान नेसनल आर्मी (एएनए)द्वारा गत एक हप्ताको अवधिमा तालिबानी लडाकूविरुद्ध कारबाही शुरु गरेको थियो । सोही कारबाहीको क्रममा यसै हप्ता करिब तीन सय तालिबानी लडाकूले आत्मसमर्पण गरिसकेका थिए । सोमबार साँझ मात्र ६९ तालिवान लडाकूले शाहरक जिल्लामा सेनामा आत्मसमर्पण गरेका गभर्नर गुलाम नासिर खाजेले सिन्हवालाई बताउनु भएको छ । आत्मसमर्पण गर्ने क्रममा तालिबान लडाकू समूहले सेनासमक्ष विभिन्न हातहतियार पनि हस्तान्तरण गरेका अधिकारीले जनाएका छन् ।

### तनाव न्युनिकरणका लागि आबे मध्यपूर्व जाने

टोकियो, २२ पुस (रासस/एएफपी) ।

जापानका प्रधानमन्त्री सिन्जो आबे अर्को हप्ता मध्यपूर्वको भ्रमणमा जानुहुने भएको छ । उहाँले अमेरिकी हवाई आक्रमणमा परी इरानी सैन्य कमाण्डर मारिएपछि उत्पन्न तनाव न्युनिकरणका लागि साउदी अरब, ओमन र युएइको भ्रमण गर्नुहुने भएको हो । प्रधानमन्त्रीको पार्टी लिवरल डेमोक्रयाटिक पार्टीका एक जना प्रवक्ताले आबे यही जनवरी १२ देखि जनवरी १५सम्म मध्यपूर्वको भ्रमणमा जाने बताएका हुन् ।

पार्टीका नेतासँगको बैठकमा प्रधानमन्त्री आबेले भ्रमणको विस्तृत विवरण दिनुभएको बताइएको छ । मध्यपूर्वमा सृजना भएको तनावका बारेमा आफूले गहिरो चासो राखेको प्रधानमन्त्रीले बैठकमा बताउनु भएको जापानको सार्वजनिक प्रसारण संस्था एनएचकेले जनाएको छ ।

उहाँले भन्नुभयो, "त्यस क्षेत्रमा शान्ति स्थापनाका लागि र स्थायित्वका लागि मैले कुटनीतिक पहलमार्फत् केही योगदान दिन सक्छु भन्ने मैले विश्वास लिएको छु ।" वासिङ्टन र तेहरानबीचको सम्वन्ध सुधार्नका लागि मध्यस्तकर्ताका रुपमा प्रयास गरिरहनु भएका आबेले 'गहिरो चिन्ता' व्यक्त गर्दै आउनु भएको छ । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र तेहरानका सर्वोच्च नेता आयोतुल्लाह अलि खामेनीले एक अर्कालाई कडा चुनौती दिएपछि थप नराम्रो अवस्था सृजना हुनसक्ने आशंका गरिएको छ । इरानी सैन्य कमाण्डर कासिम सुलेमानीको गत शुक्रबार बग्दाद अन्तरराष्ट्रिय विमानस्थलनजिकै भएको अमेरिकी ड्रोन हमलामा मृत्यु भएको थियो ।

मारिएका ती सुलेमानीलाई अमेरिकाले विगतदेखि नै 'आतङ्ककारी' समूहको नाइके भएको बताउँदै आएको थियो । यो आक्रमण अमेरिकाको तयारीमा नै भएको बताइएको छ । जुन कुरा अमेरिकी रक्षा मन्त्रालय पेन्टागनले नै पुष्टि गरेको छ । शुक्रबार भएको यस सैन्य कारबाहीपछि उत्तेजकरुपमा व्यवहार नगर्न र संयमता अपनाउन विभिन्न देशले आग्रह गरिरहेका छन् । चीन, रुस र सिरियाले यस हवाई आक्रमणको आलोचना गरेका छन् ।

# सडक दुर्घटनामा दुईको मृत्यु

**दैनिक समाचारदाता**
**राजविराज, २२ पुस ।**

सप्तरीको छुट्टाछुट्टै स्थानमा भएको सडक दुर्घटनामा परि दुई जनाको मृत्यु भएको छ ।

जिल्लाको बलानबिहुल गाउँपालिका २ झिझहा टोलस्थित सडक खण्डमा मोटरसाइकलको ठक्करबाट साइकल यात्रीको ज्यान गएको प्रहरीले जनाएको छ ।

स.८प. ७०११ नम्बरको मोटरसाइकलले ठक्कर दिदा साइकलयात्री सुरुङ्गा नगरपालिका( १० थलाहा बस्ने ३५ वर्षीया फुर्तिलाल मुखियाको मृत्यु भएको इलाका प्रहरी कार्यालय कडरबोनाले जनाएको छ ।

यता ठक्कर दिने मोटरसाइकल चालकलाई प्रहरीले नियन्त्रणमा लिएको जनाएको छ ।

यस्तै सप्तरीकै कञ्चनपुर नागरपालिका १० बदगामास्थित सडकमा नम्बर नखुलेको सवारी साधनको ठक्करबाट एक ब्यक्तिको मृत्यु भएको छ ।

पुर्व-पश्चिम राजमार्ग अन्तरगत पर्ने बदगामामा नखुलेको सवारी साधनले ठक्कर दिदा अन्दाजी ४० वर्षीय एक जना पुरुषको मृत्यु भएको इलाका प्रहरी कार्यालय कंचनपुरले जनाएको छ ।

यता मृतकको नाम, थर र वतन खुल्न नसकेको र ठक्कर दिने सवारी साधनको खोजी कार्य समेत भइरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

# चोरी भएको मोटरसाइकलसहित तीन पक्राउ



**दैनिक समाचारदाता**
**राजविराज, २२ पुस ।**

मोटरसाइकल चोरी गरेको आरोपमा प्रहरीले तीन जनालाई पक्राउ गरेको छ ।

दुई महिना अगाडी राजविराज नगरपालिका ७ स्थितबाट ना ३० प ५१६६ नम्बरको मोटरसाईकल चोरी भएको भन्दै दिलिप यादवले जिल्ला प्रहरी कार्यालय राजविराजमा हुलियासहितको दिएको निवेदनको आधारमा प्रहरीले उनीहरुलाई पक्राउ गरेको हो ।

पक्राउ पर्नेहरुमा राजविराज वडा नं. ७ बस्ने प्रदिप साह र वडा नं. ७ कै जितेन्द्र राम शर्मा तथा डाक्नेश्वरी वडा नं. ९ बस्ने राजेश साह रहेको प्रहरी नायव उपरिक्षक तिलक भारतीले जानकारी दिएका छन् ।

यता पक्राउ परेका तिनै जनालाई अदालतबाट म्याद थप गरी थप अनुसानधान कार्य अगाडी बढाइएको प्रहरीले जनाएको छ ।

# अग्निपीडित तीन परिवारलाई राहत

**दैनिक समाचारदाता**
**राजविराज, २२ पुस ।**

आगलागिमा घर जलेपछि सर्वस्य गुमाएका तीन अग्निपीडित परिवारलाई मंगलबार राहत प्रदान गरिएको छ ।

सप्तरीको सुरुङ्गा नगरपालिका ४ मधुपट्टिका अग्नीपीडित परिवारहरु पार्वती देवी राम, मञ्जु देवी राम र मन्तोरिया देवी रामलाई धर्मी हल्फा महिला विकास क्लबले राहत प्रदान गरेको हो ।




क्लबका अध्यक्ष समाजसेवी ई. सूर्यनारायण यादवले राहतस्वरूप त्रिपाल, झुल, धोती, साडी, तन्ना, थाल, ग्लास, कराहि, डेक्चि र छोलनी लगायतका राहत सामाग्रीहरु प्रदान गरेको जनाएका छन् ।

उक्त अवसरमा प्रदेशसभा सदस्य गोबिन्द न्यौपाने, सुरुङ्गा नगरपालिका वडा नं. ४ का अध्यक्ष देवेन्द्र प्रसाद चौधरी तथा वडा सदस्यहरु देवलाल राम र हरि लाल चौधरी लगायत स्थानीयको उपस्थिति रहेको थियो ।

पुस १४ गते आगलागि हुँदा ती परिवारका ५ वटा घरहरु जलेर नष्ट भएको थियो भने झण्डै ६ लाखभन्दा बढिको धनमालको क्षति भएको थियो ।

---

***मल्हनियामा बर्थिङ ...***

छन् । निशुल्क जग्गा दिने जग्गादाता गुलाब देवी र उनका छोरा डा. चन्द्र नारायण यादवलाई सोही कार्यक्रममा कदरपत्र र दोसल्ला ओढाई गाउँपालिका अध्यक्ष गोइतले सम्मान समेत गरे ।

वडकी टोल मल्हनियामा निर्माण भएको दुई तल्ले स्वास्थ्य चौकीमा ६ कोठा, १० वटा शौचालय र ३ वटा काउण्टर रहेका छन् । नेपाल सरकारबाट सात जनाको दरबन्दी र करारमा एक जना गरि उक्त स्वास्थ्य चौकीमा ८ जना कर्मचारी रहेका छन् । जसमा एक जना हेल्थ असिस्टेन्ट, एक जना सिनियर अहेब, दुई जना अहेब, तीन जना अनमी र एक जना कार्यलय सहयोगी छन् । त्यस्तै तीन वटा बर्थिङ बेड पनि रहेको छ ।

यस्तै आवत जावतका लागि मूल सडकदेखी नवनिर्मित भवनसम्म सडक निर्माण समेत गरिएको छ । झण्डै २० लाखको बजेटमा गाउँपालिकाले सो ढलान सडक निर्माण गरेको अध्यक्ष गोइतले बताए ।

आयोजित कार्यक्रममा जिल्ला जनस्वास्थ्य सप्तरीका प्रमुख दुनियालाल यादव, वडा नं. १ का अध्यक्ष बैधनाथ यादव, पूर्व गाविस अध्यक्षद्वय अरुण कुमार गोइत, सत्यनारायण यादवलगयत विभिन्न वडाका अध्यक्षहरु, स्थानिय लगायतको सहभागिता रहेको थियो ।


स्वर्ण अवसर ! स्वर्ण अवसर !! स्वर्ण अवसर !!!



के तपाई राजविराजमा राम्रो गर्ल्स होस्टलको खोजीमा हुनुहुन्छ । यदि हुनुहुन्छ भने तपाईको घर देखि टाढा तर घर जस्तै सुविधा भएको "स्टुडेन्ट गर्ल्स होस्टललाई" सम्झनुहोस् ।

सम्पर्क
स्टुडेन्ट गर्ल्स होस्टल राजविराज-७, सप्तरी
(सिडियो कार्यालय देखि ५० मिटर पश्चिम)
फोन नं.- ०३१-५२१७९३, मो.-९८५२८२११९३
९८०१५२१७९३



## शीतलहरका बेला निम्न सावधानीहरु अपनाऔं ।

- चिसोबाट बच्न खुट्टादेखि नै बाक्लो तथा न्यानो लुगा लगाउने गरौं ।
- कोठा न्यानो पारौं र पर्याप्त हावा ओहोर दोहोर हुने ब्यवस्था मिलाऔं ।
- बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा दीर्घ रोगीहरुलाई चिसोबाट जोगाऔं ।
- आमाको दूध खाने बच्चाहरुलाई नियमित रुपमा स्तनपान गराऔं ।
- तातो तथा पोषिलो झोल पदार्थ प्रशस्त मात्रामा सेवन गरौं ।
- स्वास्थ्य सम्बन्धी कुनै समस्या आईपरेमा, ज्वरो आएमा, झाडापखाला लागेमा, दम बढेमा, खोकी लागेमा, छाती ध्यार ध्यार भएमा वा श्वास फेर्न कठिनाई भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छर छिमेकमा कोही विरामी परेमा नजिकको स्वास्थ्य संस्थामा खबर गरौं र यथासक्य चाँडो आवश्यक उपचारको लागि लैजाऔं ।
- सुत्ने कोठामा आगो, कोइला बालेपछि झ्याल ढोका बन्द गरेर नसुतौं । त्यसो गरेमा श्वास फेर्न नसकी निस्सासिएर मृत्यु समेत हुन सक्छ ।
- आगो बालेको ठाउँमा बच्चाहरुलाई नछाडौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं । घुर बालेर निगरानी गर्ने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।

अनुरोधकर्ता
बलान विहुल गाउँपालिका, सप्तरी



## दुग्ध विकाश बोर्डको मापदण्ड अनुसार उत्पादित



छिन्नमस्ता डेरी उद्योग
सिरहा रोड, राजविराज ७, खरसाल टोल
मोबाइल नं. : ९८०१५२८०१९, फोन नं. : ०३१-५२२३२७



हाम्रो सेवाहरु : जन्मदेखि मृत्युसम्म नभई नहुने अमृत घ्यू, क्रिम दुध, दही, पनिर, खुवा, प्रशोधित दुधहरु पाइन्छ ।




नोट :- विवाह, भोज, उत्सव लगायतको अवसरमा अर्डर बमोजिम दुध जन्य सामग्री उपलब्ध गराइने छ । २४ औं घण्टा काउण्टर खुला रहनेछ ।



देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।

हाम्रो सेवाहरु →

नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५२१०९६

ipay remit
CITY EXPRESS MONEY TRANSFER
Money Transfer Made Easy
Best Remit Quick & Easy
PRABHU Money Transfer
प्रभुको इच्छा
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit
हिमालरेमिट
CG Money


**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेवसाइट :** *rajbirajdainik.com.np*